# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०५।१४ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

मालपोत कार्यालय चावहिलका कर्मचारी एवं अन्य व्यक्ति समेतको मिलेमतोमा काठमाण्डौ जिल्ला साविक गोठाटार, बालुवा, मुलपानी, विष्णु गा.वि.स लगायतका स्थानमा अवस्थित बिभिन्न जग्गाहरुको गैरकानूनी श्रेष्ता तयार गरी बिक्रि/बितरण गरेकोले आवश्यक छानविन गरी कारबाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त कार्यालयमा कार्यरत मालपोत अधिकृतद्वय चेतनाथ ढकाल र तिर्खाराम अर्याल; कम्प्युटर अधिकृत प्रमोद भट्टराई, तत्कालिन नायब सुब्बाद्वय भोजराज पोखरेल र रामबाबु प्रसाद अर्याल; नायब सुब्बात्रय सुन्दर कुमार कार्की, उमेश पोखरेल र शिवराम पुडासैनी; कम्प्युटर अपरेटर लक्ष्मण प्र. खतिवडा र खरिदार दिव्य राज घिमिरेको आपसी मिलेमतोमा आफूहरुलाई प्राप्त नभएको अधिकार, हैसियत र अहोदाको दुरुपयोग गरी काठमाण्डौ जिल्ला साविक गोठाटार, वालुवा, तथा मुलपानी लगायतका स्थानमा अवस्थित जग्गाहरुको गैरकानूनी रुपमा श्रेस्ता खडा गरी, कार्यालयमा रहेको दर्ता बाँकी श्रेस्ता केरमेट गरी, प्रमाणित गरी, कार्यालयबाट बैधानिक रुपमा निर्णय नै नभएका जग्गाहरुको विवरण ठिक छ भनि रुजु र स्विकृत गरी, कानून बमोजिम हाल दर्ता नै नखुलेका र नभएका जग्गाहरुको अनलाईन सिस्टममा प्रबृष्टी समेत गरी बदनियतपूर्वक दर्ता नभएको फर्जी श्रेस्ता खडा गरी वैधानिकता प्रदान गर्ने गराउने र विक्रि/बितरण गर्ने कार्यमा संलग्न भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १५ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा माथि उल्लिखित राष्ट्रसेवक कर्मचारीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिम दण्ड सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

साथै सोही कार्यालयमा कार्यरत कार्यालय सहयोगी राजेन्द्र वस्नेतले दर्ता बाँकी जग्गाको श्रेष्तामा नाम उल्लेख भएका व्यक्तिहरुको खोजतलास गरी आफू संग सम्पर्कमा आएका व्यक्तिहरुलाई जग्गा दर्ता गरिदिने प्रलोभनमा पारी जग्गाधनीहरु हरिनारायण श्रेष्ठ, हरिलाला श्रेष्ठ, होम बहादुर बिष्ट, धर्म महर्जन, श्याम सुन्दर दाहाल, विश्वनाथ लामिछाने र धुर्बराम श्रेष्ठसंग रु.१८,८२,०००/-(अठ्ठार लाख बयासी हजार) रकम समेत लिई खाई गैरकानूनी श्रेस्ता तयार पार्ने कार्यमा सहयोगी भूमिका निर्बाह गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफा र उपदफा को देहाय (च) बमोजिम दण्ड

सजाय तथा माथि उल्लिखित जग्गाधनीहरुले राष्ट्रसेवक कर्माचारीहरुलाई आफ्नो अनुकुलको गैरकानूनी काम कारबाही गराउन रिसवत दिई भ्रष्टाचार निवारण ऐन ,२०५९ को दफा २२ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निज जग्गाधनीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफा र उपदफा को देहाय(च) ले हुने सजायमा ऐ.ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

यसै गरी जग्गाधनिहरु काजिलाल श्रेष्ठ, हरिभक्त श्रेष्ठ, टिकानारायण श्रेष्ठ, मोहनमाया श्रेष्ठ, चेतबहादुर मिजार, श्रीकृष्ण नगरकोटी, पुरुषोत्तम था श्रेष्ठ, घनश्याम कार्की, प्रेमबहादुर कार्की, रामहरी ढकाल, रामबाबु ढकाल, रामेश्वर ढकाल, श्याम बहादुर मिजार, काजिलाल श्रेष्ठ, भरत कारंञ्जित, कृष्ण प्रसाद लामिछाने, राम प्रसाद लामिछाने, उमादेवी गुरुवाचार्य, उज्जल थापा श्रेष्ठ, लिलाकुमारी रेग्मी धिताल, दुर्गालाल श्रेष्ठ, रामकृष्ण श्रेष्ठ, श्रीधर देवकोटा, राजु थापा, शान्ति वैध, रामकेशरी श्रेष्ठ, मदन बहादुर थापा, बहत्तम गोपाल श्रेष्ठ, नरबहादुर दोचे, रामगोपाल डंगोल, रामकृष्ण डंगोल, धनबहादुर महर्जन, मोतिराम श्रेष्ठ, नारायणीदेवी श्रेष्ठ, गम्भिर बहादुर चांदिकार, प्रेमबाहदुर के.सी. र सुसिला रामुदामुले मालपोत कार्यालयका कर्मचारी तथा जग्गा खरिद गर्ने विचौलियासंग अनुचित साँठगाँठ गरी कानून बमोजिमको प्रकृया पालना नगरी पदिय अधिकार र ओहदा नभएका व्यक्तिहरुबाट श्रेष्ता कायम गरी, गर्न लगाई गैरकानूनी रुपमा आ-आफ्नो नाममा जग्गा धनी पूर्जा लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र दफा १५ को कसुरको मतियारको रुपमा दफा २२ बमोजिमको कसूर गरेको पुष्टी हुन आएको हुँदा निज जग्गाधनीहरुलाई सोही ऐनको दफा २२ बमोजिम सजाय हुन र जग्गाधनीहरु मध्येका राजु थापाले माथि उल्लिखित जग्गाधनी मध्येका केही संग मालपोत कार्यालयका कर्मचारी चिनेको र जग्गा दर्ता गराईदिने प्रलोभन देखाई केही रकम समेत लिई दिई श्रेस्ता निर्माण गरेको र ततपश्चात केही जग्गा आफ्नो र आफन्तको नाममा समेत खरिद बिक्रि गरेकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ र १५ को कसूर गर्ने ना.सु. भोजराज पोखरेल समेतको भ्रष्टाचारजन्य कार्यमा मतियारको भूमिका निर्वाह गरी ऐ.ऐनको दफा २२ बमोजिमको कसूर गरेको पुष्टी हुँदा निजलाई ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता